प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १, विराटनगर, मोरङ

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यान्वयनका लागि आशयपत्र (Expression of Interest) आव्हान गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७५।०७।२०

यस प्रदेश मातहतका १४ जिल्लाहरु (ताप्लेजुङ, पाँचथर, ईलाम, झापा, तेह्रथुम, संखुवासभा, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु, खोटाङ, ओखलढुंगा र उदयपुर) मा चालु आ. व. २०७५/७६ मा **गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम** अन्तर्गत नयाँ लघु उद्यमी सिर्जना र स्तरोन्नतीका कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने भएकोले सोका लागि प्रतिस्पर्धाबाट योग्यताक्रम निर्धारण गरी व्यवसाय विकास सेवा प्रदायक संस्थाहरुको प्रारम्भिक सूचि तयार गर्नुपर्ने भएकोले इच्छुक सेवा प्रदायक संस्था, गैह सरकारी संस्था, फर्म वा कम्पनीहरुवाट उक्त कार्यक्रम संचालन गर्नका लागि रितपूर्वकको आशयपत्र (Expression of Interest) आव्हान गरिएको व्यहोरा सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**शर्तहरु**

१. **आशयपत्रदाताले निम्नानुसारको कागजात तथा प्रमाणपत्रहरुको प्रतिलिपि पेश गर्नु पर्नेछ ।**

क. संस्था (व्यवसाय विकास सेवा प्रदायक संस्था, गैह्रसरकारी सस्था, प्राइभेट वा साझेदारी फर्म वा कम्पनी) को बिधान वा प्रवन्धपत्र, नियमावलीमा लघु उद्यम वा व्यबसाय विकास वा सिप विकास तालिम वा आयआर्जन क्षेत्रमा काम गर्ने उद्देश्य उल्लेख भएको ।

ख. संस्था दर्ता भएको अबधि न्यूनतम २ बर्ष पुरा भएको ।

ग. संस्थाको नविकरण अद्यावधिक भएको हुनु पर्नेछ।

घ. मूल्य अभिवृद्धिकरमा दर्ता भएको । कर छुटको दायरा रहेका संस्थाले कर छुटको प्रमाणपत्र राख्नु पर्नेछ ।

ङ आ.व. २०७४/०७५ को कर चुक्ता प्रमाण पत्र । (कर छुट सुबिधा प्राप्त गरेको संस्थाले कर कार्यालयमा आफ्नो बार्षिक कारोबारको बिबरण पेश गरेको प्रमाण)

च. कार्यक्षेत्रगत शर्त (TOR) मा उल्लेख भए बमोजिम जनशक्ति भएको ।

छ. काम गर्न चाहेको जिल्ला उल्लेख भएको (अधिकतम ३ जिल्लासम्म) ।

ज. कालो सूचीमा नपरेको स्वघोषणा- पत्र ।

झ. आ.ब. २०७३/०७४ र २०७४/०७५ को लेखा परीक्षण भएको ।

ञ. गैर सरकारी संस्थाको हकमा समाज कल्याण परिषदमा दर्ता भएको र कंपनीको हकमा सम्बन्धित निकायबाट काम गर्ने इजाजत प्राप्त गरेको ।

२. आशयपत्र आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिन भित्र कार्यालय समयभित्र कार्यक्षेत्रगत शर्त (TOR) प्राप्त गर्न सकिनेछ र १६ औं दिन दिनको १२:०० बजे भित्र यस मन्त्रालयमा आशयपत्र दर्ता गराईसक्नु पर्नेछ र यसरी दर्ता भएका आशयपत्रहरु सोही दिनको १४:०० बजेदेखि आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थितिमा यस मन्त्रालयमा खोलिनेछ ।तर आशयपत्रदाताहरु वा निजहरुको आधिकारिक प्रतिनिधिहरुको उपस्थिति नभए पनि आशयपत्र खोल्न बाधा पर्ने छैन ।

३. आशयपत्र दर्ता गर्ने र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगत्तै कार्यालय खुलेको दिन माथि सि.नं. २ मा तोकिएको समय अनुसार नै दर्ता गर्ने र खोल्ने कार्य गरिनेछ । तर तिहारको अवसरमा हुने ३ दिन सार्वजनिक विदालाई यस अवधी मा गणना गरिने छैन।

४. आशयपत्र दर्ता गर्दा सिलवन्दी गरिएको खामको वाहिर कुन जिल्लाको कार्यक्रम संचालन गर्नको लागि पेश गरिएको हो सो जिल्ला प्रष्ट खुलेको हुनुपर्नेछ । रित नपुगेको, म्याद नाघी आएको र कुन जिल्लाको लागि आशयपत्र पेश गरिएको हो सो प्रस्ट नखुलेको, सहीछाप र सिलवन्दी नभएको आशयपत्र उपर कुनै कारवाही हुने छैन । साथै एकभन्दा बढी जिल्लामा कार्यक्रम संचालन गर्न चाहने सेवा प्रदायकहरुले प्रत्येक जिल्लाको लागि छुट्टाछुट्टै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी आशयपत्र दर्ता गर्नु पर्ने छ । एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा वढी जिल्लाका लागि आशयपत्र पेश गरेको पाइएमा मन्त्रालयमा दर्ता भएको पहिलो आशयपत्रलाई कायम गरी अन्य आशयपत्रहरु स्वतः रद्ध हुनेछन् । एकै संस्थाले माथि उल्लेखित जिल्लाहरु मध्ये बढीमा ३ जिल्लामा मात्र आशयपत्र पेश गर्न सक्नेछन,।

५. तोकिएको मिति र समय भित्र पर्न आएका आशयपत्रहरु मध्येबाट सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७० (संशोधन सहित) वमोजिम मूल्यांकन गरी प्रत्येक जिल्लाका लागि योग्यताक्रमका आधारमा उत्कृष्ट ३ देखि ६ वटा संस्थाहरु छनौट गरी छनौट भएका संस्थाहरुको सूची बर्णानुक्रम अनुसार राष्ट्रिय पत्रिकामा प्रकाशित गरी सम्वन्धित जिल्लामा पठाइनेछ ।

दुई वा दुई भन्दा वढी गैह्र सरकारी संस्था, फर्म वा कम्पनीले संयुक्त उपक्रम (**Joint Venture**) को रुपमा कार्य/परामर्श सेवा दिने भए त्यस्ता फर्म वा कम्पनीको नाम, ठेगाना, विवरण तथा मुख्य भई काम गर्ने संस्था, फर्म वा कम्पनीको नामका साथै प्रचलित कानून वमोजिमको रित पु-याइ आशयपत्र पेश गर्नुपर्नेछ अन्यथा त्यस्ता आशयपत्र उपर कारवाही हुनेछैन ।

६. जिल्लामा पठाईएको सूचि भित्रवाट सोही जिल्लामा कार्यक्रम संचालनका लागि जिल्ला उद्यम विकास समितिको समन्वयमा जिल्लास्तरमा रहेका घरेलु तथा साना उद्योग कार्यालय र घरेलु तथा साना उद्योग विकास समितिका कार्यालयले आर्थिक र प्राविधिक प्रस्ताव माग गरी प्रचलित कानुन अनुसार योग्यताक्रमका आधारमा पाँचवटा सम्म स्थानीय तह भएको जिल्लाको हकमा एक र छ वा छ भन्दा वढी स्थानीय तह भएको जिल्लाको हकमा दुईवटा व्यबसाय बिकास सेवा प्रदायक संस्थाको छनौट गर्नेछन् ।

७. विस्तृत विवरणसहितको कार्यक्षेत्रगत शर्त (TOR), आशयपत्र यस मन्त्रालयको website: **moitfe.p1.gov.np** वाट Download गर्न सकिनेछ ।

८. आशयपत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा रहने छ ।

९. जनशक्तिको रुपमा कम्तिमा ६ जना उद्यम विकास सहजकर्ताहरु प्रस्ताव गर्नु पर्नेछ । सो अनुशार प्रस्ताव नगरेका आशयपत्रहरु मान्य हुने छैनन् ।

१०. प्रचलित कानूनको अधिनमा रही तयार गरिएको कार्यक्षेत्रगत शर्त (**TOR**) मा उल्लेख भएका कुराहरु सोही वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, गरिवी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम संचालन निर्देशिका, २०७० (संशोधन सहित) र प्रचलित कानून वमोजिम हुनेछ ।

११. यस विषयमा थप जानकारी लिनुपर्ने भएमा यस मन्त्रालयको फोन नं. ०२१४६००७८ मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ

१२. आशयपत्र सम्बन्धी बिस्तृत छलफलको लागि यो सूचना प्रकाशित मितिले सातौ दिन सो दिन सार्वजनिक बिदा परे त्यसको भोलिपल्ट दिनको १३:३० वजे अग्रिम बोलपत्र बैठक **(Pre bid meeting)** मन्त्रालयको वैठककक्षमा बस्नेछ । उक्त बैठकमा सहभागी हुन इच्छुक आशयपत्रदाताहरुलाई यसै सूचनाबाट जानकारी गराइएकोछ ।

०७५।६।१९

बद्रीराज ढुंगाना
प्रदेश सचिव